आज मिति २०७९ साल पुष महिनाको २६ गते मंगलबारको दिन १:३० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा आ.ब.०७९/०८० को सातौं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो।

**<u>उपस्थिती</u>**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | कार्यपालिका सदस्य श्री जय थापा मगर (वडा अध्यक्ष, १ नं. वडा) | सदस्य | |
| ४. | कार्यपालिका सदस्य श्री रामचन्द्र क्षेत्री (वडा अध्यक्ष, २ नं. वडा) | सदस्य | |
| ५. | कार्यपालिका सदस्य श्री प्रचण्ड मान सिहँ बस्नेत (वडा अध्यक्ष, ३ नं. वडा) | सदस्य | |
| ६. | कार्यपालिका सदस्य श्री पुष्कर खड्का (वडा अध्यक्ष, ४ नं. वडा) | सदस्य | |
| ७. | कार्यपालिका सदस्य श्री श्याम बहादुर खत्री (वडा अध्यक्ष, ५ नं. वडा) | सदस्य | |
| ८. | कार्यपालिका सदस्य श्री शैलेश मान मानन्धर (वडा अध्यक्ष, ६ नं. वडा) | सदस्य | |
| ९. | कार्यपालिका सदस्य श्री हरि प्रसाद तिमल्सेना (वडा अध्यक्ष, ७ नं. वडा) | सदस्य | |
| १०. | कार्यपालिका सदस्य श्री योश कुमार वाईबा (वडा अध्यक्ष, ८ नं. वडा) | सदस्य | |
| ११. | कार्यपालिका सदस्य श्री अमृका बलामी (वडा अध्यक्ष, ९ नं. वडा) | सदस्य | |
| १२. | कार्यपालिका सदस्य श्री इश्वरी खत्री | सदस्य | |
| १३. | कार्यपालिका सदस्य श्री भानु विश्वकर्मा | सदस्य | |
| १४. | कार्यपालिका सदस्य श्री प्रकाश विसुंखे | सदस्य | |
| १५. | कार्यपालिका सदस्य श्री विद्यालक्ष्मी श्रेष्ठ | सदस्य | |
| १६. | कार्यपालिका सदस्य श्री रमा पहरी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य श्री लक्ष्मी भण्डारी पौडयाल | सदस्य | |
| १८. | कार्यपालिका सदस्य श्री सुमित्रा विष्ट के.सी. | सदस्य | |
| १९. | कार्यपालिका सदस्य श्री सुरेश बस्याल | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री भोला प्रसाद चापागाई | सचिव | |

**सचिवालय कर्मचारी** :-

१. श्री दिपक कुमार के.सी. (सुचना अधिकारी)
२. श्री गणेश गुरुङ (वरिष्ठ लेखा अधिकृत)
३. श्री ननिता खत्री (कानुनी सहजकर्ता)

मिति २०७९/९/२४ गते नगर प्रमुखज्यूबाट मिति २०७९/९/२६ गते आ.ब.०७९/०८० को नगर कार्यपालिकाको सातौं बैठकमा पेश गर्न आदेश भई नगर कार्यपालिकाको यस बैठकमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

<table>
<tr><th>सि.नं.</th><th>विषय</th><th>निर्णय भएको व्यहोरा</th></tr>
<tr><td>१.</td><td>नगर यातायात गुरुयोजना स्वीकृती सम्बन्धमा ।</td><td>• यस नगरपालिकाको नगर यातायात गुरुयोजना तयार गर्न परामर्शदाताद्वारा प्राप्त मस्यौदा प्रतिवेदनलाई संशोधन सहित स्वीकृतीका लागी नगर सभामा पेश गर्ने ।</td></tr>
<tr><td>२.</td><td>स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन तथा स्थानीय तह वित्तिय सुशासन जोखिम मुल्याङ्कन प्रतिवेदन सम्बन्धमा ।</td><td>• आ.व.०७८/०७९ को यस दक्षिणकाली नगरपालिकाको संस्थागत क्षमता स्वमूल्यांकन र स्थानीय तह वित्तिय सुशासन जोखिम मुल्याङ्कनका सम्बन्धमा छलफल गर्दा देखिएको कमजोरी सुधार गर्दैं हाल प्राप्त क्रमशः ५१ र ५६.५ अंकलाई अनुमोदन गर्ने । उक्त नतिजालाई वेवसाईट तथा सूचना पाटीमा प्रकाशन गरी आगामी दशौं नगर सभा अधिवेशनमा जानकारीका लागी पेश गर्ने ।</td></tr>
<tr><td>३.</td><td>आयोजना म्याद थप सम्बन्धमा (डाडिखेल मोटर बाटो र शेषनारायण खानेपानी) सम्बन्धमा ।</td><td>• आ.ब.०७८/०७९ मा यस नगरपालिकाद्वारा बोलपत्र आह्वान भएका तपसिलका योजनाहरुको २०७९ मंसिर मसान्तसम्मको लागी म्याद थप भएकोमा उक्त बोलपत्रदाताहरुले कार्य सम्पन्न गर्न पुन म्याद थपका लागी निवेदन दिएकोमा प्राविधिक सहितको अनुगमनबाट म्याद थप गरि कार्य सम्पन्न गर्न मनासिव भन्ने राय प्राप्त भएको हुदाँ सार्वजनिक खरिद नियमावली बाह्रौं संशोधनलाई समेत आधार लिई निजहरुको कार्यसम्पादन जमानतमा १० प्रतिशत थप समेत गरी अन्तिम पटकको लागी म्याद थप गर्ने ।<br><br><u>तपसिल</u>
<table>
<tr><th>क्र.स.</th><th>योजनाको नाम</th><th>ठेक्का नं.</th><th>बोलपत्रदाताको नाम</th><th>म्याद थप मिति</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>शेषनारायण वृहत खानेपानी आयोजना</td><td>DM/NCB/WORKS/2078-79/04</td><td>Bhimeshwor sailing JV</td><td>२०७९ चैत्र मसान्त</td><td></td></tr>
<tr><td>२</td><td>डाडिखेल सडक स्तरोन्नती</td><td>DM/NCB/WORKS/2078-79/02</td><td>Dharma S Nirman Sewa Pvt. Ltd.</td><td>२०७९ फागुन मसान्त</td><td></td></tr>
</table></td></tr>
<tr><td>४.</td><td>प्राथमिक स्वास्थ्य केन्द्र चाल्नाखेल स्तरोन्नती सम्बन्धमा ।</td><td>• दक्षिणकाली नगरपालिका वडा नं.१ मा साविक चाल्नाखेल गा.वि.स.वडा नं. ५'ख', कि.नं. ४२ क्षेत्रफल १३-१-०-०मा रहेको प्राथमिक स्वास्थ्य केन्द्र, चाल्नाखेललाई नगर अस्पतालको रुपमा स्तरउन्नती गरी पालिकास्तरको अस्पताल स्थापना गर्न स्वनस्थ्य तथा जनसंख्या मन्त्रालय र बागमती प्रदेश सरकार स्वास्थ्य मन्त्रालयसँग समन्वय र सहकार्य गर्ने ।</td></tr>
<tr><td>५.</td><td>स्वास्थ्य संस्था बिस्तार सम्बन्धमा ।</td><td>• हाल भईरहेको स्वास्थ्य संस्थाहरुमा सबै नागरिकहरुको सेवामा पहुँच पुर्याउन १ नं वडा स्थीत बोसनमा र ८ नं. वडा को भण्डारखर्कमा शहरी स्वास्थ्य केन्द्र सञ्चालन गर्ने । उक्त शहरी स्वास्थ्य केन्द्रहरुको लागी आवश्यक जनशक्ति मौजुदा स्वास्थ्यकर्मीहरुबाट सेवा उपलब्ध गराउने र नपुग २ जना नर्सिङ स्वास्थ्यकर्मी, १ जना ल्याव असिस्टेन्ट र २ जना कार्यालय सहयोगी अर्को व्यवस्था नभएसम्मका लागी सेवा करारबाट छनौट गर्ने ।</td></tr>
<tr><td>६.</td><td>विधेयकहरु सम्बन्धमा ।</td><td>• यस दक्षिणकाली नगरपालिका अन्तर्गत रहेको दक्षिणकाली क्षेत्र विकास समिति गठन एवं सञ्चालनको लागी तयार गरिएको दक्षिणकाली क्षेत्र विकास समिति सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ लाई खारेज गरी दक्षिणकाली धार्मिक तथा साँस्कृतिक क्षेत्र विकास समितिको स्थापना तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक स्वीकृतीका लागी नगर सभामा पेश गर्ने ।</td></tr>
</table>

भोला प्रसाद घापागाई
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | • यस नगरपालिकाको भवन निर्माण कार्यविधि, २०७९ (**BCWP**) को मस्यौदा स्वीकृतीको लागी नगर सभामा पेश गर्ने ।<br>• यस नगरपालिकाको दैनिक कार्य सम्पादन गर्ने क्रममा तपसिल बमोजिमको मौजुदा ऐनहरुमा संशोधन गर्नु पर्ने आवश्यकता महसुस भई सम्बन्धित शाखाबाट विधेयक समितिमा प्राप्त भई विधेयक समितिमा छलफल भई पेश हुन आएको संशोधन प्रस्तावलाई स्वीकृतीका लागी नगर सभामा पेश गर्ने ।<br>तपसिल<br>क. दक्षिणकाली नगरपालिकाको शिक्षा ऐन, २०७५ (दोस्रो संशोधन) |
| ७. | कार्यविधिहरु स्वीकृत सम्बन्धमा । | • यस नगरपालिकाको दैनिक कार्य सम्पादनमा सहजताका लागी आवश्यक भई विधयेक समिति मार्फत् स्वीकृतीका लागी पेश हुन आएका तपसिल बमोजिमका कार्यविधिहरु स्वीकृत गरी अनुमोदनका लागी नगर सभामा पेश गर्ने ।<br>तपसिल<br>क. दक्षिणकाली नगरपालिकाको अपाङ्गता संरक्षण कोष सञ्चालन कार्यविधि, २०७९<br>ख. उत्कृष्ट कृषक पुरस्कार मापदण्ड, २०७९<br>ग. कृषि कार्यक्रम सञ्चालन निर्देशिका तथा खर्च मापदण्ड, २०७९ |
| ८. | संघीय समपुरक तथा विशेष अनुदानको आयोजना छनौट सम्बन्धमा । | • आगामी आ.ब.०८०/०८१ को लागी संघीय समपुरक अनुदान सम्बन्धी आयोजना/कार्यक्रम को प्रस्ताव संघीय समपुरक अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ बमोजिम निम्नानुसारका आयोजनाहरु यस नगरपालिकाको समपुरक कोषबाट ५१ प्रतिशत लागत सहभागितामा तिन आ.ब.भित्र सम्पन्न हुने गरी बहुवर्षिय आयोजनाको रुपमा निम्नानुसारको आयोजनाहरु प्रस्ताव गर्ने ।<br>१. फर्पिङ खेल मैदान, द.न.पा.५<br>२. युटिकी - मखुवेशी - दक्षिणकाली गेट - गोपालेश्वर - दामोदरघाट मोटर बाटो, द.न.पा.७<br>३. युटिकी सिमपानी फेदी पुल, द.न.पा.७ र ८<br>• आगामी आ.ब.०८०/०८१ को लागी संघीय विशेष अनुदान सम्बन्धी आयोजना/कार्यक्रमको प्रस्ताव प्रदेश विशेष अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ बमोजिम यस नगरपालिकाबाट तिन आ.ब.भित्र सम्पन्न हुने गरी बहुवर्षिय आयोजनाको रुपमा निम्नानुसारको आयोजनाहरु प्रस्ताव गर्ने ।<br>१. सातमुल मुहान संरक्षण तथा सरसफाई आयोजना स्वच्छ खा.उ.स., द.न.पा.४ (क्रमागत आयोजना)<br>२. पिखेल खेल मैदान, द.न.पा.३<br>३. दक्षिणकाली सानागाउँ मनकामना हुमाने सडक, द.न.पा.६ र ९ |
| ९. | न्यायिक समितिमा भएको मिलापत्र काकर्यान्वयन सम्बन्धमा । | • यस दक्षिणकाली नगरपालिका अन्तर्गत न्यायिक समितिमा राजभाई बज्राचार्य - १ वादी, राम नगरकोटी -१ प्रतिवादी भई मिति २०७९/५/२३ मा दर्ता भएको दर्ता नं.२१/०७९/०८० को बनाएको संरचना रोक्का गरी पाउँ भन्ने विषयको विवाद उपर दुई पक्षको आपसी सहमतिमा मिति २०७९ साल असोज महिनाको १३ गते न्यायिक समिति समक्ष भएको मिलापत्र कार्यान्वयन हुने अवधि समाप्त भईसकेको हुदाँ पुनः न्यायीक समिति मार्फत् उक्त मिलापत्र कार्यान्वयन गराई पाउँ भनि वादी राजभाई बज्राचार्यले निवेदन पेश गर्नु भएको हुदाँ मिलापत्र कार्यान्वयनको लागी निश्चित अवधि तोकी दुवै पक्षलाई पत्राचार गरी न्यायिक समिति मार्फत् नै मिलापत्र कार्यान्वयन गर्ने । |

भोला प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

<table>
<tr><td>१०.</td><td>झोलुङ्गे पुल निर्माण सम्बन्धमा ।</td><td>
<ul><li>यस नगरपालिका अन्तर्गत तपसिल बमोजिमका स्थानहरुमा नेपाल सरकार शहरी विकास मन्त्रालय अन्तर्गत झोलुङ्गे पुल आयोजनामा पुल निर्माणका लागी सिफारिस गर्ने ।</li></ul>
<u>तपसिल</u>
<table>
<tr><th>क्र.सं.</th><th>आयोजनाको नाम</th><th>स्थान</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>फयाकुल डाँडा - सल्लेनी झोलुङ्गे पुल</td><td>दक्षिणकाली न.पा.८</td><td></td></tr>
<tr><td>२</td><td>महालक्ष्मी स्थान - मनकामना झोलुङ्गे पुल</td><td>दक्षिणकाली न.पा.६</td><td></td></tr>
<tr><td>३</td><td>भुमिडाँडाबाट भञ्याङ हेटल जाने झोलुङ्गे पुल</td><td>दक्षिणकाली न.पा.५</td><td></td></tr>
</table>
</td></tr>
<tr><td>११.</td><td>आयोजना सञ्चालनको लागी श्रोत सुनिश्चित सम्बन्धमा ।</td><td>
<ul><li>चालु आ.ब.०७९/०८० मा तपसिल बमोजिमको प्रदेश सरकारबाट प्राप्त आयोजना सञ्चालन गर्न ठेक्का लगाउने र तपसिल बमोजिमको आयोजनाको देहाय बमोजिम लागत अनुमान स्वीकृत गरी साझेदारीको लागी नपुग निम्नानुसारको बजेट नगरपालिकाको आन्तरिक स्रोतबाट बेहोर्ने ।</li></ul>
<table>
<tr><th rowspan="2">क्र. सं.</th><th rowspan="2">योजनाको नाम</th><th rowspan="2">लागत अनुमान</th><th colspan="2">स्रोत सुनिश्चित</th><th rowspan="2">नपुग रकम</th><th rowspan="2">कैफियत</th></tr>
<tr><th>अनुदान</th><th>समपुरक कोष</th></tr>
<tr><td>१</td><td>चौतारा सिस्टोल सडक स्तरोन्नती, द.न.पा.१</td><td>रु.६९,८५,१४०।५९</td><td>रु.५०,००,०००।-</td><td>-</td><td>रु.१९,८५,१४०।५९</td><td></td></tr>
</table>
</td></tr>
<tr><td>१२.</td><td>न्यायिक समिति तथा विषयगत समितिका प्रतिवेदन सम्बन्धमा ।</td><td>
<ul><li>यस नगरपालिकाले चालु आ.ब.०७९/०८० को हाल सम्म सम्पादन गरेको कार्य तथा सेवाहरुको यस नगरपालिका भित्र गठन भएका न्यायिक समिति तथा विभिन्न विषयगत समितिहरुमा छलफल भई तयार भएको प्रगति विवरण नगर सभामा पेश गर्ने ।</li></ul>
</td></tr>
<tr><td>१३.</td><td>निर्णयहरु अनुमोदन सम्बन्धमा ।</td><td>
<ul><li>२०७९/०४/०१ देखि २०७९/०९/२५ सम्म भएका नगर कार्यपालिकाका निर्णयहरु, न्यायिक समितिबाट भएका निर्णयहरु तथा नगरपालिकाबाट भएका अन्य सवै नीतिगत, आर्थिक तथा प्रशासनिक निर्णयहरु समिक्षा गरी अनुमोदनका लागी सभामा पेश गर्ने ।</li></ul>
</td></tr>
<tr><td>१४.</td><td>बजेट संशोधन सम्बन्धमा ।</td><td>
<ul><li>२०७९/०९/२६ देखि आगामी नगरसभा हुनु अगावै बाँडफाँड गरेर मात्र खर्च गर्नु पर्ने खालको कुनै अवण्डा बजेट प्राप्त भएमा वा कार्यक्रम संसोधन वा समायोजन गर्नु परेमा वा सभाबाट निर्णय गरेर मात्र कार्यान्वयन गर्नु पर्ने खालको कुनै काम वा अवस्था परेमा आगामी नगरसभाबाट अनुमोदन गर्ने गरी निर्णय गर्ने अधिकार कार्यपालिकालाई प्रत्यायोजन गर्न नगर सभामा पेश गर्ने ।</li></ul>
</td></tr>
<tr><td>१५.</td><td>विविध ।</td><td>
<ul><li>यस कार्यपालिकाको मिति २०७९/०९/०५ गते बसेको छैठौं बैठकबाट यस नगरपालिका क्षेत्र भित्र पर्ने बल्खु - दक्षिणकाली मुल सडक द.न.पा.१ गेट देखी दक्षिणकाली मन्दिर सम्म खाल्टाखुल्टी मर्मतको लागी लागत अनुमान तयार गरी आवश्यक हुने बजेट सबै वडाको नगर स्तरीय बजेटबाट कट्टा गरि उक्त सडक मर्मत गर्ने भनि निर्णय भएकोमा उक्त कार्यको लागी लागत अनुमान तयार भईसकेको हुदाँ उक्त लागत अनुमान बमोजिम तत्काल मर्मत कार्य गर्नु पर्ने भएकोले वडागत रुपमा सडक विभाजन गरी सोही आधारमा कोटेशन माग गरी कार्य गर्ने ।</li>
<li>यस दक्षिणकाली नगरपालिकाको चालु आ.ब.०७९/०८० को लागी स्वीकृत दक्षिणकाली नगर स्तरीय योजना तथा कार्यक्रम - ८०३३५४०७२२४ अन्तर्गत प्रहरी प्रभाग चाल्नाखेल भवन निर्माणको लागी विनियोजित रकम रु.१०,००,०००।- लाई ईलाका प्रहरी कार्यालय फर्पिङको च.नं.८५, मिति २०७९/०८/२७ गतेको पत्रबाट अनुरोध भए बमोजिम संशोधन गरि</li></ul>
</td></tr>
</table>

भोला प्रसाद
प्रमुख प्रशासकीय

| | | |
|---|---|---|
| | | ईलाका प्रहरी कार्यालय फर्पिङमा ब्यारेक निर्माण रु.१०,००,०००।- कायम गर्ने । |